# शिक्षाक्षेत्र योजना विकास कार्य ढाँचा, २०७७

*(संघ, प्रदेश र स्थानीय तहमा शैक्षिक योजना विकासका लागि कार्यढाँचा)*

## नेपाल सरकार
## शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट
## १०-वर्षे नयाँ शिक्षा क्षेत्रयोजना (२०७८-२०८८)
## विकास गर्ने क्रममा तयार गरिएको

# विषयसूची


| विषय शीर्षक | पेज नं |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. औचित्य | २ |
| ३. उद्देश्य | ३ |
| ४. योजना विकासको मूलभूत सिद्धान्त र आधार | ३ |
| ५. विकास प्रक्रियामा यो सामग्रीको उपयोग गर्ने तरिका | ३ |
| ६. योजनाको मूल्याङ्कन | ५ |
| ७. योजना निर्माणकोमूलखाका | ६ |
| अनुसूची १(क): १०-वर्षे नयाँ शिक्षा क्षेत्रयोजना (२०७८-२०८७) प्रस्तावित खाका (संघीय तह) | ८ |
| अनुसूची १(क): १०-वर्षे नयाँ शिक्षा क्षेत्रयोजना (२०७८-२०८७) प्रस्तावित खाका (प्रदेश तह) | १० |
| अनुसूची १(क): १०-वर्षे नयाँ शिक्षा क्षेत्रयोजना (२०७८-२०८७) प्रस्तावित खाका (स्थानीय तह) | १२ |
| अनुसूची २ : प्रस्तावित कार्यक्रम र नतिजा खाका (उपलब्धि सूचकहरू) | १४ |
| अनुसूची ३ : शिक्षा क्षेत्रका प्रमुख सूचकहरू (योजना निर्माणका लागि सन्दर्भ सूचकका रूपमा उपयोग गर्न सकिने) | १५ |
| अनुसूची ४ : प्रदेश एवम् स्थानीय योजना निर्माणका चरणहरू र | ३२ |

| कार्यढाँचा | |
|---|---|

# शिक्षाक्षेत्र योजना विकासकार्यढाँचा, २०७७

*संघीय स्वरुपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकारबीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने मनसायले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ दस वर्षे (२०७८-२०८७) शिक्षा क्षेत्र योजना तयार गर्न लागेको सन्दर्भमा तीनै तहका सरकारलाई योजना तर्जुमाको प्रक्रियामा सहजीकरण होस् भन्ने उद्देश्यले यो सामग्री तयार गरिएको छ । यसमा समाविष्ट खाका अनुसार तीनै तहका सरकारहरूले योजना तयार गर्दा योजनाको आधारभूत स्वरुप र प्राविधिक पक्षमा एकरुपता कायम गर्न र तीनै तहका योजनाबीच अन्तरसम्बन्ध स्थापित गर्न समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। यो सामग्रीमा हाल नेपालमा नयाँ शिक्षा योजना बनाउनुपर्ने औचित्य, उद्देश्यहरू, सैद्धान्तिक आधार, प्रक्रिया, राष्ट्रिय सूचकहरू र प्रस्तावित ढाँचाका बारेमा उल्लेख गरिएको छ ।*

## १.पृष्ठभूमि

शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको मूल विषयक्षेत्र मानिदै आएको पाइन्छ ।नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ ।यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरूबीच तादात्म्यतातासहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुने अपेक्षा गरिएको हो । यसै

सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौं आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १०वर्षे (वि.सं.२०७८ देखि २०८७ सम्म) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने गरी विशेष प्राथमिकता सहितको लक्ष्य निर्धारण र कार्यान्वयन ढाँचा प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

## २. औचित्य

वि.सं. २०१० को नेपालमा शिक्षा नामक योजना कार्यान्वयन भएसँगै शिक्षामा आम नागरिकको चासो बढेको र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन हुँदै आएका छन् ।प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सबैकालागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहस्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा आए ।नेपालको नयाँ संविधान र संघीय संरचनामा शिक्षाका योजना तथा कार्यक्रमहरू सुरुवात गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (एस.एस.डी.पी.) को ५-वर्षे (वि.सं. २०७३-२०७८)कार्यक्रमको समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ ।

मुलकमा संघीय स्वरूपको राज्य व्यवस्था स्थापना भई तीनै तहका सरकारहरू क्रियाशील छन् । राज्यको यो बदलिँदो शासकीय स्वरूप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेशमा धेरै परिवर्तन भइसकेका छन् । अब निर्माण हुने शिक्षा योजनाका विषयवस्तुलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भएकोछ । राष्ट्रिय आधार, मापदण्ड र स्तर निर्धारण गर्ने जिम्मेवारी संघीय सरकारकै हुने संवैधानिक प्रावधान भएको सन्दर्भमा संघीय सरकारले बनाउने शिक्षा योजनाले

मुलुकलाई शिक्षा विकासको मार्गदर्शन दिनुपर्ने र तीनै तहका सरकारले बनाएका योजनाका मूल मर्म र गन्तव्यहरूलाई प्रतिबिम्बित गर्नु पर्ने हुन्छ । यी मान्यतालाई आत्मसात् गरी तीनै तहका योजना निर्माणमा आपसी सहकार्य हुनुपर्ने देखिन्छ । तीनै तहका शिक्षा योजनाहरू सँग सँगै विकास गर्न सकेमा योजनाको अन्तरसम्बन्ध स्थापित गरी अपेक्षित उद्देश्य व्यवहारिक र कार्यान्वयन योग्य हुन सक्छ । संविधानको मर्मअनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माणमा सँगै कार्य गर्न आवश्यक देखिएको छ । यदि त्यसो हुन सकेमा स्रोत र साधनको उच्चतम प्रयोग हुनेछ । समस्य पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने हुन्छ ।

त्यसैगरी नेपालको शैक्षिक विकासमा वैदेशिक सहयोगको महत्वपूर्ण भूमिका रहेको छ । राष्ट्रिय शिक्षा बजेटको निकै ठूला हिस्सा वैदेशिक सहयोगमा निर्भर रही आएको छ । आर्थिक मात्र नभै अन्तर्राष्ट्रिय तथा विश्वव्यापी ज्ञान, सीप र प्रविधि आदन प्रदान र आर्जनको माध्यम वैदेशिक विकास साझेदारहरू बन्दै आएका छन् । साथै नेपाललाई अन्तर्राष्ट्रिय परिवेशसँग परिचित हुन निकै मद्दत मिलेको छ । यसरी नेपालको शैक्षिक विकासमा सहकार्य गर्दै आएका अन्तर्राष्ट्रिय द्विपक्षीय र बहुपक्षीय विकास साझेदारको अतिरिक्त राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको पनि महत्वपूर्ण भूमिका रहि आएको छ । विगतका योजनाहरु जस्तै यो दश वर्षे योजनाले पनि सवै प्रकारका शैक्षिक सरोकारवलाहरूको योगदानको लागि आधार प्रदान गर्नेछ । शिक्षाका राष्ट्रिय शैक्षिक लक्ष्य पूरा गर्न आवश्यक पर्ने अपुग राष्ट्रिय स्रोतको (Resource gap) लाई सम्बोधन गर्ने साधनको रुपमा काम गर्ने छ ।

## ३.उद्देश्य

संवैधानिक मर्म, मुलुकले लिएको दीर्घकालीन विकासको सोच र आवश्यकतालाई आधार मानी संघ, प्रदेश र स्थानीय तहका शिक्षा क्षेत्रका प्रथमिकता पहिचान र सोको सम्बोधन हुनेगरी गरी समन्वयात्मक रुपमा दस वर्षे नयाँशिक्षा क्षेत्र योजना विकास गर्न सहयोग पुऱ्याउनु यस सामग्रीको प्रमुख उद्देश्य रहेकोछ । यसका विशिष्टीकृत उद्देश्यहरू निम्नानुसार राखिएकोछन् :

(क) संघ, प्रदेश र स्थानीय तहको सामञ्जस्यतापूर्ण शिक्षा योजना निर्माणका लागि प्राविधिक आधार तयार गरी आपसी सहकार्य र समन्वय सहितको सिकाइको वातावरण, सुनिश्चित गर्नु

(ख) शिक्षा विषयक्षेत्र अन्तर्गतका बिभिन्न उपक्षेत्रको वर्तमान अबस्था, उपलब्धि, प्रमुख समस्या तथा चुनौतीको विश्लेषण गर्दै आगामी दशकका निमित्त शिक्षा विकासका अवसर र प्राथमिकता पहिचान गरी योजनामा सम्बोधन गर्नु

(ग) आपसी सहकार्यबाट शिक्षा योजना विकास गर्ने र कार्यान्वयन गर्ने क्षमता विकास गर्नु

(घ) तीनै तहका सरकारका शैक्षिक नीति, योजना र कार्यक्रमहरुमा सामञ्जस्यता कायम गरी राज्यको साधन र स्रोतको उच्चतम उपयोग गरी अपेक्षित शैक्षिक उद्देश्य प्राप्त गर्नु

## ४. योजना विकासको मूलभूत मान्यताहरु

समग्र राष्ट्रिय विकासको सन्दर्भमा शिक्षा क्षेत्रबाट गरिएका अपेक्षाको परिपुर्ति निकै नै महत्त्वपुर्ण छ । यसका साथै हरेक व्यक्तिका अन्तर्निहित प्रतिभा र सम्भावनालाई उजिल्याउने र प्रस्फुटित हुने अवसर प्रदान गर्दै समतामुलक समाज निर्माण मा योगदान गर्ने कुरा त्यत्तिकै महत्त्वपुर्ण छ । यस सन्दर्भमा विद्यालय शिक्षाको निमित्त दीर्घकालीन योजना निर्माण गर्दा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने, शिक्षाको सान्दर्भिकतामा सुधार गर्ने, सेवा प्रवाहमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने र नतिजामा समता प्रवर्द्धन गर्ने विषयले पक्कै पनि प्राथमिकता पाउने देखिन्छ ।

योजना निर्माण प्रक्रियाका दृष्टिले सरोकारवालाहरुको स्वामित्व र सहभागिताले (Ownership and participation) उत्तिकै महत्त्व पाउनुपर्ने देखिन्छ । योजना निर्माणको प्राविधिक पाटोले वर्तमान अवस्था र आवस्यकताको विश्लेषणमा सघाउने मात्र होइन । यसले त हाम्रा नीति, कार्यक्रम र लगानीले कसरी र कुन मात्रामा अपेक्षित दिशमा र बिन्दुमा पुग्न सहयोग गर्छन भनेर तालमेल कायम गर्न सघाउने अपेक्षा गरिन्छ । यो तालमेल कायम गर्न नसक्दा एक प्रकारको समस्यामा अर्को प्रकारको उपचार खोजेजस्तै उद्देश्य प्राप्तिमा सहयोगी हुन नसक्ने भएकाले अपनत्व र सहभागिता जस्ता सामाजिक पाटोका साथै प्राविधिक औचित्यको दोस्रो पाटोलाई सँगसँगै हेरिनुपर्ने हुन आउँछ ।

कार्यान्वयनका दृष्टिले सबल बनाउन तीनै तहमा बन्ने योजनामा आपसी सामञ्जस्यता र तालमेल (coherence)कायम गर्ने विषयमा उत्तिकै ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । कार्यान्वयनस्थलको वास्तविकतासँग नजोडिएका योजनाले दराजमा शोभा दिनसक्छ तर भोलिको शैक्षिक स्तर उकास्न अपेक्षित सहयोगी नहुन सक्छ । त्यसकारण संघीय नेपालको वर्तमान सन्दर्भलाई दृष्टिगत गर्दै कार्यान्वयन सहजता, र यसले माग गर्ने कार्यान्वयन वातावरण बारे पनि उचित छलफल हुनु वाञ्छनिय हुनसक्छ । योजनामा वित्तीय आँकलन र प्रबन्ध, स्पष्ट कार्यान्वयन ढाँचा, अनुगमन प्रणाली र यी विषयको उपलब्धिसँग स्पस्ट सम्बन्ध स्थापित गर्ने प्रयास भएको हुन्छ ।

## ५. योजना विकास प्रक्रियाको मार्गदर्शन

(क) संघ, प्रदेश र स्थानीय तह आआफ्नो योजना विकास गर्न स्वतन्त्र हुन्छन् । तथापि कार्य सरलीकरण, सहजता र एक अर्कोबाट सिक्न सकिने अवस्था मात्र नभई स्रोत साधनको

परिचालनलाई समेत मध्यनजर गरी नेपालका विगतका शिक्षा योजनाहरू, आवधिक योजनाहरू, वैदेशिक सहयोगमा सञ्चालित योजनाहरू लगायत हाल सम्म प्रयोगमा आएका सामग्रीका आधारमा संघीय र प्रदेश/स्थानीय तहको योजनाको ढाँचा (विषयसूची) अनुसूची १ राखिएको छ । यस अनुरुप तीनै तहका योजना निर्माण हुँदा आपसी सामञ्जस्यता कायम गर्न उपयोगी हुने अपेक्षा गरिएको छ । तथापि मूल राष्ट्रिय नीति, प्राथमिकता, उद्देश्यहरू र सूचकहरूलाई आत्मसात् गर्दै प्रदेश तथा स्थानीय तहको आआफ्ना थप प्राथमिकता तथा लक्ष्यहरू निर्धारण गर्न यसले बाधा पुग्ने छैन ।

(ख) प्रस्तावित शिक्षा योजना सहभागितात्मकरूपमा निर्माण तथा कार्यान्वयन हुने, स्थानीय स्रोतसाधनको उच्चतम उपयोग गरिने, चरणबद्धरूपमा लागू हुने, वर्तमान सामाजिक अवस्थामा युगान्तकारी परिवर्तन (paradigm shift) ल्याउन सक्नेखालका नतिजामुखी कार्यक्रमहरू समावेश भएको, उपलब्धि र दक्षताको नियमित अनुगमन गर्ने प्रणाली समावेश भएको र कार्यान्वयन योग्य हुने मान्यता (principle) मा आधारित हुनेछ ।

(ग) अन्तर्राष्ट्रिय रूपमा गरिएका प्रतिबद्धता, दिगो विकासका शिक्षा सम्बन्धी लक्ष्य-४ र चालु पन्ध्रौं योजनामा उल्लेख भएका लक्ष्यका आधारमा राष्ट्रियस्तरका गन्तव्य सूचकहरू कायम गरिएको छ, यसमा हालको राष्ट्रिय आधार अवस्था (national baseline status) र योजना अवधिको विभिन्न चरणमा प्राप्त गर्ने लक्ष्यका प्रक्षेपित अवस्था समेत अनुसूची ३मा राखिएको छ । ती सूचकहरूले प्रदेश र स्थानीय तहसँगको तुलनात्मक अवस्था अवगत गर्न मद्दत गर्ने छन् ।

(घ) प्रदेश र स्थानीय तहले राष्ट्रिय सूचकलाई मध्यनजर गरी आआफ्ना सूचकहरू, तिनको हालको अवस्था र स्रोत तथा सामर्थ्यका आधारमा अनुसूचीमा दिएअनुसार आवधिक लक्ष्यका सूचकहरू प्रक्षेपण गरी प्रस्तुत गर्नुपर्नेछ ।

(ङ) संघीय र प्रदेश सरकारले समानीकरण (equalization), समपूरक (complementary) सशर्त (conditional) र विशेष (special) अनुदान क्रमश: प्रदेश र स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने संवैधानिक व्यवस्था भएकाले आधारभूत सूचकको विशेष महत्त्वहुन्छ । शिक्षाको वित्तीय व्यवस्थापनको ढाँचाअनुसार आआफूले गरेको निकाशाको खर्चको अवस्थाको अभिलेखसमेत राख्नुपर्ने र सम्बन्धित सरकारले प्राप्त गरेको रकमको खर्चको प्रतिवेदन समेत दिनुपर्ने भएकाले सम्बन्धित सरकारका आधारभूत सूचकहरू एक अर्कालाई महत्त्वपूर्ण हुनेछन्। यसका अतिरिक्त प्रदेश र स्थानीय तहका सूचकहरू प्राकृतिक स्रोत तथा वित्त आयोगका लागि समेत उल्लिखित विभिन्न प्रकारका अनुदानका लागि आधार तथा सूत्र निर्धारण गर्न उपयोगी हुन सक्छन् भन्ने कुरालाई ख्याल गर्नुपर्ने हुन्छ ।

(च) योजना निर्माणका मूल पक्ष सूचकहरू नै हुन् । त्यसैले सम्भव भएसम्म परिवेश र आवश्यकताअनुसार सर्वेक्षण समेत गरेर तथ्यपरक सूचक र तिनको अवस्था पहिचान गर्नुपर्ने हुन्छ ।

(छ) सामान्यतया योजना निर्माणका तीन चरण हुन्छन्:

प्रथम चरणः योजना निर्माण पूर्वको तयारी (सूचना, तथ्यतथ्याङ्क तथा जानकारी सङ्कलन)

दोस्रो चरणः योजना विकास (विश्लेषण, प्राथमिकता निर्धारण, दृष्टिकोण, उद्देश्य, रणनीति, कार्यक्रम, कार्ययोजना, नतिजा खाका विकास आदि) र

तेस्रो चरणः कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन(यस बारेमा अनुसूची ४ मा विस्तृत रूपमा दिइएको छ ।)

(ज) प्रस्तावित योजना निर्माण गर्दा समयावधिको कारणले यी माथिका तीन चरणका गतिविधिहरू सँगसँगै गर्नुपर्ने अवस्था देखिन्छ । अनुसूची १ मा उपलब्ध गराइएको खाकामाकार्य गर्दै जाँदा अनुभवका आधारमा र उपलब्ध तथ्य तथ्याङ्कका आधारमा खाकामा समेत केही परिवर्तन गर्न आवश्यक हुनसक्छ । तथापि एकरूपताका लागि सकेसम्म एउटै खाकामा विषयवस्तु प्रस्तुत गर्न उपयुक्त हुन्छ भन्ने कुरालाई साथसाथै ख्याल गर्नुपर्ने हुन्छ । यस प्रयोजनका लागि अनुसूची ४ मा योजना निर्माणको चरण र प्रक्रिया उल्लेख गरिएको छ ।

(झ) शिक्षा योजनाले सम्बोधन गर्नुपर्ने सम्भावित प्रमुख विषयक्षेत्र(जुन अनुसूची १ मा उल्लेख गरी उपलब्ध गराइएको छ । ती विषयक्षेत्रमा बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, शिक्षामा गुणस्तर, शिक्षामा कमजोर वर्गको पहुँच, अन्तरसम्बन्धगत मुद्दाहरू, संस्थागत क्षमता र तीनै तहका सरकारबीचको अन्तरसम्बन्ध आदि छन् । सबै तहमा योजना विकास गर्दा ती प्रत्येक विषयगत क्षेत्र (Thematic Area) अन्तर्गत चरणबद्ध रूपमा वर्तमान अवस्था (तथ्य तथ्याङ्कसहित), प्रमुख समस्या तथा चुनौती र अवलम्बन गर्नपर्ने उपाय (रणनीति, कार्यक्रम तथा क्रियाकलाप) र अन्त्यमा अपेक्षित उपलब्धि उल्लेख गर्दा उपयुक्त मानिनेछ । योजनाको अन्त्यमा यी सबै विषयवस्तुलाई नतिजा खाकामा (नमुना अनुसूची २ मा दिइएको छ ।)सम्बोधन गर्न सकिन्छ । यसो गर्दा सबै तीनै तहको योजनामा एकरूपता समेत आउने छ ।

## ६. योजनाको मूल्याङ्कन

योजना विकासको एउटा महत्त्वपूर्ण पक्ष यसको मूल्याङ्कन (Appraisal) हो ।योजना विकास गर्ने प्रक्रिया प्राविधिक प्रयास पनि हो । त्यसको प्राविधिक मूल्याङ्कन हुनुपर्छ भन्ने मान्यता छ । योजना

मूल्याङ्कन गर्ने क्रममामाथि "**योजना विकासको मूलभूत मान्यता र सिद्धान्त**"शीर्षकमा उल्लेख भए जस्तै योजना विकासमा कसले नेतृत्व गर्यो र के कस्तो सहभागिता भयो, के कसरी शिक्षा क्षेत्रको मुद्दा तथा चुनौतीहरूलाई पहिचान गरी प्राथमिकता, रणनीति र कार्यक्रमहरू विकास गरियो, स्रोत साधानको अनुमान तथा प्रक्षेपण के आधारमा गरियो जस्ता पक्ष महत्त्वपूर्ण मानिन्छ । योजना स्वीकृत गर्नुपूर्व यी विषयका बारेमा स्पष्ट हुन जरुरी छ । यसले योजनाको कार्यान्वयन पक्षलाई बल पुर्याउँछ । अपेक्षित उद्देश्य पूरा हुन अपरिहार्य मानिन्छ । यस प्रकार योजनाको मूल्याङ्कन आन्तरिक र बाह्य दुवै रूपमा गरिन्छ ।

आन्तरिक मूल्याङ्कन सामान्यतयाः योजना सम्बद्ध सरोकारवालाबीचमा अन्तरक्रिया गरी अन्तिम रूप दिइन्छ भने बाह्य मूल्याङ्कन प्रक्रियामायोजना निर्माणमा संलग्न भएकाभन्दा बाहिरी संस्था वा विज्ञबाट गरिन्छ । संघीय तहको राष्ट्रिय योजनाको मूल्याङ्कन बाह्य (अन्तर्राष्ट्रिय स्तरका विज्ञ) वा विज्ञहरूको समूहबाट गराइनेछ । प्रदेश र स्थानीय तहको मूल्याङ्कनका लागि पनि आपसी समन्वयमा आवश्यक व्यवस्था मिलाइनेछ । यसका लागि संघीय सरकारको योजना विकास गर्न गठित प्राविधिक परामर्श समूहको सल्लाह तथा सुझावका आधारमा आवश्यक व्यवस्था मिलाइनेछ ।

## ७. योजना निर्माणकोमूल खाका

१. प्रस्तावित योजना २०७८ श्रावण १ देखि २०८३ असार मसान्तसम्म पहिलो खण्ड र २०८२ साउनदेखि २०८८ असार मसान्त दोस्रो खण्ड हुनेछ ।
२. योजनाको पृष्ठभूमि खण्डमा सम्बन्धित प्रदेश स्थानीय सरकारको सेवा क्षेत्रभित्रको सामाजिक, आर्थिक, भौगोलिक,जनसाङ्ख्कि र  शिक्षा क्षेत्रको छोटो अवस्था प्रस्तुत गरिनेछ ।
३. योजनाको समीक्षा खण्डमा हालसम्म कार्यान्वयन भएका कार्यक्रमहरूको झलक,  भोगिएका समस्या एवं चुनौतीहरू र मुख्य उपलब्धि उल्लेख गरिनेछ । विषय क्षेत्रसँग सम्बन्धित प्रमुख समस्या, चुनौती तथा अवसरलेख्दा प्राथमिकताक्रममा लेख्ने, आवश्यक मात्र लेख्ने, भरसक धेरै लामो सूची नबनाउने गर्नुपर्छ।
४. अवस्था  विश्लेषण खण्डमा पूर्व प्राथमिक शिक्षा,  अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइलगायत माध्यमिक तहसम्मको विद्यार्थी भर्ना सङ्ख्या,  समावेशीकरणको अवस्था, शिक्षकहरूको विवरण,  शिक्षकविद्यार्थी अनुपात, कक्षा तथा विषयगत सिकाइ उपलब्धि, भौतिक अवस्था सिकाइ वातावरणको संक्षिप्त विवरणसहित उपक्षेत्रगत मुख्य समस्या एवम् चुनौती र अवसर उल्लेख गरिनेछ ।

५. **दीर्घकालीन सोच (vision), उद्देश्यहरू, रणनीति, कार्यनीति र अपेक्षित उपलब्धि लेख्ने आधार**:**दीर्घकालीन सोच**ः दीर्घकालीन सोचले सम्बन्धित विषय क्षेत्र कहाँ (Where) पुग्ने हो, सोको उत्तर खोज्दछ । तसर्थ वि.सं. २१०० सम्म सम्बन्धित विषयक्षेत्र (Sector) मा कहाँ पुग्ने हो एक वाक्यमा लेख्ने र अनावश्यक रूपमा विस्तार (Qualifying Clause) नगर्ने गर्नुपर्छ।

**उद्देश्य**ः उद्देश्यले सम्बन्धित विषयक्षेत्रको किन (Why) को उत्तर खोज्ने हुन्छ । उद्देश्य साध्य (End) भएकाले माध्यम (Means) को रूपमा यसलाई उल्लेख गर्न जरुरी हुँदैन ।

**रणनीति** :रणनीति उद्देश्य हासिल गर्ने माध्यमभएकाले यसले सम्बन्धित विषयक्षेत्रमा कसरी (How) को उत्तर खोज्दछ । कुन उद्देश्य हासिल गर्नका लागि कुन रणनीति राखिएको हो भन्ने स्पष्ट हुनुपर्दछ । यसका लागि रणनीतिको नम्बर दिँदा १ नम्बर उद्देश्यका लागि रणनीति नम्बर (१.१,१.२, ........, आदि) गरी सम्बन्ध देखाउने गर्नुपर्छ। एउटा उद्देश्यका लागि बढीमा ३ वटासम्म रणनीति लेख्न सकिन्छ ।रणनीति लेख्दा 'गर्ने' वा'ने' मा टुङ्ग्याउने गर्नुपर्छ । रणनीति माध्यम (Means) भएकाले यो लेख्दा उद्देश्य वा साध्य (Ends) लाई समावेश गर्न जरुरी नहुने, माध्यम (Means) मात्र लेख्ने गर्नुपर्छ। (जस्तै : शिक्षाको गुणस्तर वृद्धि गर्न नियमित शिक्षक सहयोग कार्यक्रम सञ्चालन गर्ने भन्नुपर्दैन । गुणस्तर वृद्धि उद्देश्य हो भने शिक्षक सहयोग कार्यक्रम सञ्चालन रणनीति हो । त्यसकारण रणनीति लेख्दा 'निरन्तर शिक्षक सहयोग कार्यक्रम सञ्चालन गर्ने' मात्र लेख्नुपर्ने हुन्छ ।)

**कार्यनीति** : योजनाको रणनीति कार्यान्वयन गर्न कार्यनीति लागु गरिन्छ । तसर्थप्रत्येक रणनीतिसँग सम्बन्धित कार्यनीति लेख्नु आवश्यक हुन्छ । कार्यनीति लेख्दा 'गरिनेछ' वा 'नेछ' मा टुङ्ग्याउनुपर्दछ । त्यसपछि कोष्ठकमा सम्बन्धित रणनीति नम्बर उल्लेख गर्नुपर्दछ । उदाहरणका लागि नियमित शिक्षक सहयोग कार्यक्रमका प्रभावकारी बनाउन "प्रत्येक विद्यालयमा वा केही विद्यालयका नयाँ शिक्षकहरु केन्द्रित गरी पेसागत सहयोग पुऱ्याउन अनुभवी र दक्ष शिक्षकलाई परिचालित गरिनेछ" (१)- यसमा (१) ले यो कार्यनीति रणनीति नं. १ सँग सम्बन्धित रहेको छ भन्ने देखाउँछ ।

**अपेक्षित उपलब्धि** : उल्लिखित रणनीति र सोअनुरुप लिइने कार्यनीति तथा कार्यक्रमहरू सञ्चालन गरेपछि योजनाको अन्त्यमा हासिल गरिने प्रतिफल (Output), असर (Outcome) र प्रभाव (Impact) सम्भव भएसम्म मापनयोग्य आधार तथ्याङ्क (Baseline) र लक्ष्य (Target) समेत खुल्ने गरी उल्लेख गर्ने गर्नुपर्छ।यसले योजनाको नतिजा खाका तयार गर्न मद्दत पुर्याउँदछ ।अपेक्षित उपलब्धि लेख्दा 'पुगेको हुनेछ'वा 'भएको हुनेछ' मा टुङ्ग्याउने गर्नुपर्छ।

६. माथि नं ४ मा उल्लेख गरिएको अवस्था विश्लेषणको आधारमा हरेक उपक्षेत्रको प्राथमिकता निर्धारण गरिनेछ ।

७. योजनाको नीति तय गर्दा उपक्षेत्रगतका प्राथमिकताहरूलाई सम्बोधनगर्ने कार्यक्रमहरू कसरी र केकस्ता स्रोतसाधनहरू प्रयोग गरी कसको माध्यम र सहभागिताबाट कार्यान्वयन गर्ने स्पष्ट नीतिगत व्यवस्था बुँदागत रूपमा प्रस्तुत गरिनेछ ।
८. उद्देश्यको प्राप्तिका लागि सञ्चालन गरिने कार्यक्रम र सोका लागि आवश्यक बजेटको प्रक्षेपण गर्दा महत्त्वकाङ्क्षी नहुने गरी व्यवहारिक र वास्तविक पक्षलाई विचार गरी प्रक्षेपण गर्नुपर्नेछ । सामन्यतया निश्चित प्रक्षेपण विधिको अवलम्बन गर्नुपर्नेछ। यसका लागि आवश्यकमहसुस भएमा संघीय शिक्षा क्षेत्र योजना विकासका लागि गठित प्राविधिक समितिबाट आधार उपलब्ध गराइने छ । त्यसैलाई सबैले आत्मसात् गर्नुपर्नेछ ।त्यसैगरी शैक्षिक सूचक र गुणात्मक विषयवस्तुको प्रक्षेपण तथा भविश्यका विषयवस्तु आँकलन गर्दा पनि वास्तविक्ताको नजिक पुग्ने गरी गर्न पर्नेछ ।
९. नतिजा तालिकाको टेबलको पहिलो कोलममा २०७८(आधारवर्ष) सम्मको तथ्याङ्क उल्लेख गर्ने र बाँकी कोलमहरूमा २०३१ मा प्राप्तगर्न निर्धारण गरिएको राष्ट्रिय लक्ष्यसँग सकेसम्म प्रादेशिक तथा स्थानीय लक्ष्य मेलखाने गरी आवधिक सङ्ख्यात्मक लक्ष्यहरू उल्लेख गर्ने गर्नुपर्छ। प्रादेशिक तथा स्थानीय लक्ष्य निर्धारण गर्न सहजहोस् भन्ने अभिप्रायले राष्ट्रिय लक्ष्यसमेत निर्दृष्ट ढाँचामा उल्लेख गरिएको छ ।

# अनुसूची १(क): १०-वर्षे नयाँ शिक्षा क्षेत्रयोजना (२०७८-२०८८)विकासको प्रस्तावित खाका (संघीय तह)

**कार्यकारी सारांश**

(यसमा परिचय, विगतका प्रयास, समस्या तथा मुद्दाहरू र नयाँ योजनाको उद्देश्य, निर्माण प्रक्रिया, मुख्य रणनीति र अपेक्षित उपलब्धिहरू समेट्ने)

**परिच्छेद १: परिचय**

१.१ पृष्ठभूमि

१.२ नेपालमा योजनाबद्ध शिक्षा विकासको समीक्षा(पुराना सबै शिक्षा योजना)

१.३ विद्यालय क्षेत्र विकास योजनाको ५-वर्षे कार्यक्रम (२०७३ – २०७८) को उपलब्धि समीक्षा

१.३.१ समष्टिगत समीक्षा

१.३.२ विषयगत क्षेत्र

१.३.३ अन्तरसम्बन्धित विषयक्षेत्र

१.३.४ आर्थिक तथा वित्तीय स्रोत

१.४ दिगो विकास लक्ष्य (शिक्षा) सम्बन्धी योजना र प्रारम्भिक प्रगति समीक्षा

**परिच्छेद२: १०-वर्षे नयाँ शिक्षा क्षेत्रयोजना**

२.१ पृष्ठभूमि

२.२ दीर्घकालीन राष्ट्रिय सोच

२.३ शिक्षाको गन्तव्य/मार्गचित्र

२.४ उद्देश्यहरू

२.५ रणनीतिहरू

**परिच्छेद३: शिक्षाका क्षेत्रहरू**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

३.५ माध्यमिक तहको शिक्षासँग उच्च शिक्षाको अन्तरसम्बन्ध

३.६ पाठ्यक्रम र पाठ्यसामग्री (स्टेम, अतिरिक्त/सहक्रियाकलाप, परम्परागत र मौलिक विषय, पूर्वीय दर्शन र शिक्षा, मातृभाषालगायतका विषयमा राष्ट्रिय ढाँचा निर्माण)

३.७ शिक्षक व्यवस्थापन र विकास

३.७.१ शिक्षण पेसाप्रति आकर्षण र शिक्षक नियुक्ति

३.७.२ शिक्षक तयारी

३.७.३ शिक्षण सिकाइ क्रियाकलाप

३.७.४ शिक्षक पेशागत सहयोग पद्धति

३.७.५ शिक्षक क्षमता विकास कार्यक्रम

३.७.६ शिक्षक उत्तरदायित्व

३.७.७ शिक्षक पुनःवितरण

३.८ शैक्षिक व्यवस्थापन सबलीकरण(सामुदायिक विद्यालय सबलीकरणसमेत)

३.९ अनौपचारिक शिक्षाः साक्षरता,निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

३.१० दूर शिक्षा तथा खुला सिकाइ

३.११ गुणस्तरीय सार्वजनिक शिक्षा

३.१२ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा (समतासम्बन्धी रणनीतिलाई विशेष ख्याल गर्ने)

३.१३ शिक्षामा सूचना प्रविधि

**परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास (स्थानीय, प्रदेश र संघ तीनै तहको संरचना र अन्तरसम्बन्ध)**

**परिच्छेद ५: लगानी र स्रोतव्यवस्थापन**

**परिच्छेद ६: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण**

**परिच्छेद ७:मुख्य-मुख्य क्रियाकलाप र उपलब्धि सूचक**

सन्दर्भ सामग्रीहरू

अनुसूचीहरू

# अनुसूची १(ख): १०-वर्षे नयाँ शिक्षा क्षेत्रयोजना (२०७८-२०८७) विकासको प्रस्तावित खाका (प्रदेश तह)

**कार्यकारी सारांश**

(यसमा परिचय, विगतका प्रयास, समस्या तथा मुद्दाहरू र नयाँ योजनाको उद्देश्य, निर्माण प्रक्रिया, मुख्य रणनीति र अपेक्षित उपलब्धिहरू समेट्न सकिने)

**परिच्छेद १: परिचय**

१.१ पृष्ठभूमि(यसमाअवधारणा, सन्दर्भ, शिक्षा क्षेत्रको समग्र विश्लेषणः सबल पक्ष, आन्तरिक तथा बाह्य वातावरण र सुधार गर्नुपर्ने पक्षहरू समेट्न सकिने)

१.२ विगतका योजनाको प्रगति समीक्षा(विगतमा तयार भएको छ भने)

१.३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण

**परिच्छेद२: नयाँ शिक्षा क्षेत्रयोजना**

२.१ सन्दर्भ र औचित्य

२.२ दीर्घकालीन राष्ट्रिय सोच

२.३ ...प्रदेशको दीर्घकालीन सोच गन्तव्य/मार्गचित्र

२.४ उद्देश्यहरू

२.५ रणनीति

२.६ प्रमुख उपलब्धि सूचकहरू

**परिच्छेद३: शिक्षाका क्षेत्रहरू**

*(संविधानअनुसार प्रदेश सरकारको अधिकार क्षेत्रमा उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षालाई विशेष जोड दिइएकाले त्यी विषयक्षेत्रमा विस्तृत योजना विकास हुने अपेक्षा गरिएको छ । साथै शिक्षक तालिमका विषयमा प्रदेश सरकारलाई विशेष जिम्मेवारी दिने अभ्यास सुरु भएको छ । अन्य विषयक्षेत्रमा प्रदेश सरकारअनुसार स्थनीय तहलाई अनुदान उपलब्ध गराएर होस् वा विद्यालयलाई अनुदान उपलब्ध गराएर वा अन्य माध्यमबाट फरक फरक प्राथमिकतामा सहयोग गरिरहेको अवस्था छ । त्यसैले ती सबै विषयक्षेत्रलाईखाकामा दिइएको छ । प्रदेश सरकारले*

*अवस्था, आवश्यकता, सरकारको प्राथमिक्ता र उपलब्ध हुने सम्भावित स्रोत र साधनका आधारमा योजनामा विषयवस्तु व्यवस्थापन गर्नुपर्नेछ ।)*

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

३.५ माध्यमिक तहको शिक्षासँग उच्च शिक्षाको अन्तरसम्बन्ध

३.६ पाठ्यक्रम र पाठ्यसामग्री (स्टेम, अतिरिक्त/सहक्रियाकलाप, परम्परागत र मौलिक विषय, पूर्वीय दर्शन र शिक्षा, मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तथा राष्ट्रिय ढाँचाअनुकूल प्रदेश तहको ढाँचा निर्माण)

३.७ शिक्षक व्यवस्थापन र विकास

- ३.७.१ शिक्षक तयारी
- ३.७.२ शिक्षण पेसामा आकर्षण र नियुक्ति
- ३.७.३ शिक्षण सिकाइ क्रियाकलाप
- ३.७.४ उत्तरदायित्व
- ३.७.५ शिक्षक सहयोग पद्धति
- ३.७.६ शिक्षक क्षमता विकास कार्यक्रम

३.८ शैक्षिक व्यवस्थापन सबलीकरण (सामुदायिक विद्यालय सबलीकरणसमेत)

३.९ अनौपचारिक शिक्षाः साक्षरता,निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

३.१० दूर शिक्षा तथा खुला सिकाइ

३.११ गुणस्तरीय सार्वजनिक शिक्षा

३.१२ शिक्षामा सूचना प्रविधि

३.१३ शिक्षामा कमजोर वर्गको पहुँच/समावेशी शिक्षा

**परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास (स्थानीय, प्रदेश र संघ तीनै तहको संरचना र अन्तरसम्बन्ध)**

**परिच्छेद ५: लगानी र स्रोतव्यवस्थापन**

**परिच्छेद ६: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण**

**परिच्छेद ७: मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक**

सन्दर्भ सामग्रीहरू

अनुसूचीहरू

# अनुसूची १(ग): १०-वर्षे नयाँ शिक्षाक्षेत्र योजना(२०७८-२०८७) प्रस्तावित खाका (स्थानीय तह)

**कार्यकारी सारांश**

(यसमा परिचय, विगतका प्रयास, समस्या तथा मुद्दाहरू र नयाँ योजनाको उद्देश्य, निर्माण प्रक्रिया, मुख्य रणनीति र अपेक्षित उपलब्धिहरू समेट्न सकिने)

**परिच्छेद १: परिचय**

१.१ पृष्ठभूमि(यसमाअवधारणा, सन्दर्भ, शिक्षा क्षेत्रको समग्र विश्लेषणः सबल पक्ष, आन्तरिक तथा बाह्य वातावरण र सुधार गर्नुपर्ने पक्षहरू समेट्न सकिने)

१.२ विगतका योजनाको प्रगति समीक्षा(विगतमा तयार भएको छ भने)

१.३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण

**परिच्छेद२: नयाँ शिक्षा क्षेत्रयोजना**

२.१ सन्दर्भ र औचित्य

२.२ दीर्घकालीन राष्ट्रिय सोच

२.३ स्थानीय तहकोदीर्घकालीन सोच तथा गन्तव्य

२.४ ... पालिकाको दीर्घकालीन सोच तथा गन्तव्य

२.५ प्रमुख उद्देश्यहरू

२.६ स्थानीय तहको दीर्घकालीन रणनीति

२.७ प्रमुख उपलब्धि सूचकहरू

**परिच्छेद३: शिक्षाका क्षेत्रहरू**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३. ४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध (यदि कुनै स्थानीय तहले आवश्यकता महसुस गरेमा)

३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

३.६ पाठ्यक्रम र पाठ्यसामग्री (स्टेम, अतिरिक्त/सहक्रियाकलाप,परम्परागत र मौलिक विषय, पूर्वीय दर्शन र शिक्षा, मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तथा राष्ट्रिय तथा प्रदेश ढाँचाअनुकूलको पाठ्यसामग्री)

३.७ शिक्षक व्यवस्थापन र विकास

३.७.१ शिक्षक तयारी

३.७.२ शिक्षण पेसामा आकर्षण र नियुक्ति

३.७.३ शिक्षण सिकाइ क्रियाकलाप

३.७.४ शिक्षकको उत्तरदायित्व

३.७.५ शिक्षक सहयोग पद्धति

३.७.६ शिक्षक क्षमता विकास कार्यक्रम

३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)

३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा

३.१२ शिक्षामा सूचना प्रविधि

३.१३ शिक्षामा कमजोर वर्गको पहुँच/समावेशी शिक्षा

**परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)**

**परिच्छेद ५: लगानी र स्रोतव्यवस्थापन**

**परिच्छेद ६: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण**

**परिच्छेद ७: मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक**

सन्दर्भ सामग्रीहरू

अनुसूचीहरू

# अनुसूची २

## १. प्रस्तावित कार्यक्रम र नतिजा खाका (उपलब्धि सूचकहरू)

| **क्र सं** | **मुख्य कार्यक्रमहरू** | **लक्ष्य एकाइ** | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ देखि २०८७/८८ सम्म | **योजना अवधिको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## २. वित्तीय योजना

| **मुख्य कार्यक्रमहरू** | **योजना अवधिको कुल लागत** | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ देखि २०८७/८८ सम्म | **स्रोतको आँकलन** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघ | प्रदेश | स्थानीय |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

*नोटः बजेट प्रक्षेपण गर्ने आधार पछि उपलब्ध गराइने छ ।*

अनुसूची ४

**प्रदेश एवम् स्थानीय योजना निर्माणका चरणहरु र कार्यढाँचा**

| कार्यहरु | | कार्य विस्त्रितिकरण | जिम्मेवारी |
|---|---|---|---|
| १ | आत्मसातीकरण | मुख्य सरोकारवालाहरुको बैठक बसी प्राप्त योजनाको खाका अध्ययन तथा छलफल गर्ने र योजना विकास गर्ने प्राविधिक समिति गठन गर्ने । | प्रदेश र स्थानीय तह |
| | योजना तयार गर्न प्राविधिक समिति र उपसमिति गठन गर्ने । | प्रदेश तहमा …….. अध्यक्षता र शिक्षा हेर्ने अधिकारी सचिव रहने गरी ५ सदस्यीय र स्थानीय तहमा…… को अध्यक्षता र शिक्षा अधिकृत सचिव र प्रधानाध्यापकहरु समेतको बढीमा ५ जना सम्म योजना विकास प्राविधिक समिति गठन गर्ने । वार्ड अध्यक्षहरुको संयोजकत्वमा सम्बन्धित वार्डका विव्यस अध्यक्ष र प्रधानाध्यापक तथा सामुदायिक सिकाइकेन्द्रका अध्यक्ष रहेको उपसमिति गठन गर्ने र सम्बन्धित वार्डको अवस्था विश्लेषण, प्राथमिकता निर्धारण र र योजना बानाउने कार्यमा सहयोग गर्ने । | प्रदेश र स्थानीय तह |
| | जिम्वेवारी बाँडफाड र कार्ययोजना निर्माण | योजना निर्माणका लागि समयसीमा तोकी जिम्मेवारी समेत तोक्ने | योजना विकास समिति |
| २ | अवस्था पहिचान: प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभूत शिक्षा, माध्यमिक शिक्षा तथा प्राविधिक शिक्षा लगायतका विषयक्षेत्रमा अवस्था पहिचान गर्ने | (i) अवस्था अनुसार सम्बन्धित वार्डमार्फत सार्वजनिक भेला, बहस कार्यक्रमहरु तथा सर्वेक्षण कार्यक्रम संचालन गरी आगामी योजनाका बारेमा जानकारी दिने र शिक्षाको विभिन्न क्षेत्र तथा उपक्षेत्रहरुमा नागरिकहरुको अल्पकालीन तथा दीर्घकालीन अपेक्षा संकलन गर्ने ।<br>(ii) प्रदेशतहले हरेक स्थानीय तहको मुख्य अपेक्षा हरु संकलन गर्ने । | योजना विकास समिति आलश्यकता अनुसार विज्ञको परामर्श लिएर |

| | | | |
|---|---|---|---|
| | | (iii)बालबालिका, शिक्षक, विद्यालय भौतिक पूर्वाधार आदि बारेमा विवरण संकलन गर्ने (अनुसूची ३ मा प्रस्तुत सूचकलाई मुख्य आधार लिने)<br>(iv) प्रदेश तथा स्थानीय तहको वृहत्तर अल्पकालीन तथा दीर्घकालीन दूरदृष्टि तथा लक्ष्यहरु आदिको वर्तमान अवस्थाको विश्लेषण गर्ने । | |
| ३ | समस्या, चुनौती, अवसरको पहिचान गर्ने | माथिको विश्लेक्षणको आधारमा सम्बन्धित प्रदेश/स्थानीयतहको समस्या, चुनौती, अवसरको पहिचान गर्ने । | योजना विकास समिति |
| ४ | प्रथमिकता निर्धारण गर्ने | सम्बिधान, नीति, कानून र माथि पहिचान भएका प्रमुख समस्या एवम् कमी कमजोरीहरुका आधारमा योजनामा समेटने गरी प्राथमिकता निर्धारण गर्ने | “” |
| ५ | दीर्घकालीन सोच, निर्धारण गर्ने | योजनाको कार्यान्वयन पश्चात देखिने परिवर्तित अवस्था (एकै वाक्यमा ) उल्लेख गर्ने | “” |
| ६ | उद्देश्य निर्धारण गर्ने | शिक्षाका उपक्षेत्रहरु जस्तै बालविकास र शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत माध्यमिक र प्राविधिक शिक्षा समेटिने गरी लक्ष्यहरु निर्धारण गर्ने | “” |
| ७ | नतिजा सूचक / लक्ष को तयारी तथा निर्धारण गर्ने | दीर्घकालीन सोच, अवस्था विश्लेषणको नितजा, राष्ट्रिय लक्षहरु समेतका आधारमा आवधिकरुपमा प्राप्त गर्ने गरी अनुसूची ३ अनुसार नतिजा सूचक प्रक्षेपण गरी निर्धारण गर्ने । | “” |
| ८ | रणनीति निर्धारण | रुपान्तरणकारी नीतिगत व्यवस्था (paradigm shift) समेत । | “” |
| ९ | प्रमुख कार्यक्रमहरुको विस्त्रितीकरण गर्ने | अन्तर सम्बन्धित विषयहरुलाई योजना अवधिमा कसरी कार्यान्वयवमा लगिन्छ ? कार्यान्वयनमा कस्को के भूमिका हुने ?, वित्तीय कहाँबाट कसरी परिचालन गर्ने ? संख्यात्मक तथा गुणात्क नतिजा केहुने ? अनुगमन मूल्याङ्कन कसरी गर्ने ? जस्ता विषयमा विस्त्रितीकरण गरिने छ । | “” |

| | | | |
|---|---|---|---|
| १० | वित्तीय आकलन गर्ने | वित्तीय स्रोतको अनुमान सहित कार्यक्रमगत वार्षिक बाँडफाँड र योजनाको कूल लागत | “” |
| १२ | योजनाको मूल्याङ्कन | आन्तरिक मूल्यङ्कन सम्बन्धित सरोकारवलाहरुवाद र बाह्य मूल्याङ्कन वाह्य विज्ञ वा संस्थावाट गर्ने गराउने (आवश्यक देखिएका नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले सहयोग गर्न सक्ने) | विज्ञ सहयोग |
| १३ | पुनरावलोकन | मूल्याङ्कनको सिफारिसको आधारमा योजनाको पुनरावलोकन गरी अन्तिम रुप दिने | “” |
| १५ | स्वीकृति | योजनाको औपचारिक स्वीकृति | प्रदेश सरकार / स्थानीय सरकार |
| १५ | कार्यान्वयन | योजनाको कार्यान्वयन, अनुगमन (निरन्तर) , मूल्याङ्कन वार्षिक अवस्था (status report) , मध्यावधि र अन्तिम मूल्यङ्कन तथा प्रतिवेदन हुने प्रबन्ध गर्ने । | प्रदेश सरकार / स्थानीय सरकार र विद्यालयहरु |

*नोटः योजना निर्माण प्राविधिक समितिको कार्यको रेखदेख सम्बन्धित तहले गर्ने र योजना निर्माणको क्रममा हरेक कार्य प्रगतिको प्रतिवेदन प्रदेश/ स्थानीय सरकारला जमनकारी दिई आवश्यक सुझाव लिने ।*

# शिक्षा क्षेत्रका सूचकहरू

योजना विकासको मूलभुत आधार सूचक (Indicator) हुन । पहिलेको अवस्था कस्तो थियो, हालको अवस्था कस्तो छ । पहिला र वर्तमान अवस्थाको विश्लेषणवाट भविश्यमा के गर्ने भन्ने जानकारी सूचकहरूवाट प्राप्त गर्न सकिन्छ । सूचक जति बस्तुगत र व्यवहारिक हुन्छन् योजना पनि सोहि अनुसारको बन्छ। तथ्यमा आधारित सूचकलाई मापन योग्य बनाई सकेसम्म एकाईगत भिन्नता देखिने (Disaggregated) गरी व्यवस्थित गर्नु पर्ने हुन्छ । यहाँ प्रस्तुत गरिएका सूचकहरू नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी व्यवस्था, शिक्षा सम्बन्धी प्रचलित कानुन, नेपाल सरकारको समृद्द नेपाल-सुखी नेपाली सहितको दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति, २०७६, विज्ञान-प्रविधि तथा नवप्रवर्तन नीति, २०७६, सामुदायिक विद्यालय सवलीकरण दशक २०७६-२०८५ का कार्यक्रमहरू, राष्ट्रिय योजना आयोगले तयार गरेको १५-वर्षे दीगो विकास लक्ष्य सम्बन्धी मार्गदर्शन, दीगो विकास लक्ष्य ४ सम्बन्धी नेपाल राष्ट्रिय कार्यढाँचा, पन्ध्रौं आवधिक योजनामा तय गरिएका शिक्षा सम्बन्धी लक्षहरू र सयुंक्त राष्ट्र संघ तथा सार्कमा नेपालले राखेका प्रतिवद्धताहरूवाट लिइएको छ ।

यसरी तल प्रस्तुत भएका सूचकहरूको आधार वर्ष, अघिल्लो प्रत्येक पाँच वर्षसम्म प्रत्येक वर्ष र पछिल्लो पाँच वर्षको मान (अंकन) प्रस्तुत भएको हुनपर्नेछ । ती अंक (value) राख्नका लागि संघ, प्रदेश र स्थानीय तहको छुट्टाछुट्टै उल्लेख गर्न मिल्ने गरी तालिका दिइएको छ । संघ (राष्ट्रिय) स्तरका सूचकहरुमध्ये केही केही सूचकहरु मान वा अंक (value) माथि उल्लेख भएका सामग्रीमा निर्धारण भै सकेका हुनाले ती सामग्रीहरूवाट जस्ताको तस्तै लिएर प्रस्तुत गरिएको छ । निर्धारण हुन नसकेका सूचकको मान खाली छाडिएको छ । प्रदेश र स्थानीय तहले भने आधार वर्ष लागायतका सवै सूचक आँफै निर्धारण गर्नु पर्नेछ ।

तालिकामा मुख्य उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI) र कार्यक्रम तथा नतिजा खाका (Program and Results Framework-PRF) गरी दूई प्रकारका सूचकहररू प्रस्तुत गरिएको छ । प्रस्तावित सूचकहरू र तिनीहरूको आधार वर्ष र गन्तव्य (Target) वर्षको मानमा विभिन्न अध्ययन/अनुसन्धान तथा तथ्यपरक जानकारीका आधारमा परिवर्तन हुँदै जान सक्ने देखिन्छ । त्यसैले यसलाई जीवन्त (तथ्यका आधारमा परिवर्तन गर्न सकिने) समाग्रीको रुपमा लिइएको छ । संघ, प्रदेश र स्थानीय तहहरूले आ-आफ्ना शिक्षा योजना निर्माण गर्दा निर्धारण भै सकेका सूचकहरूलाई मूल आधार लिई आवश्यकता र औचित्यका आधारमा स्थान विशेषका नयाँ सूचकहरू थप्न र सान्दर्भिक नदेखिएका सूचकहरूलाई हटाउन सक्नेछन् । तर, नेपाल सरकारको राष्ट्रिय नीति, योजना, कार्यक्रम तथा प्रतिवद्धता भित्र परेका सूचकहरू (जसलाई *सङ्केत गरिएको छ) भने यथावत राखी सोको रिपोर्टिङ्समेत हुने गरी व्यवस्थापन गर्नु पर्नेछ ।

## मुख्य उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI)

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | वि.क्षे.वि.यो. (सामान्य | फ्ल्यास रिपोर्ट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | समायोजन) | |
